आज मिति २०८१।१२।०१ गते रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितीमा बैठक बसी देहाय अनुसार निर्णय गरियो ।

उपस्थिति :-

१. गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. गा.पा. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. गा.पा. प्रवक्ता एवं वडा अध्यक्ष श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
५. " " " २ श्री ओम प्रसाद पोखरेल
६. " " " ३ श्री नारायण बहादुर के.सी.
७. " " " ४ श्री सोम बहादुर कार्की
८. " " " ५ श्री मन बहादुर अस्लामी
९. " " " ६ श्री दान बहादुर कुँवर
१०. " " " ८ श्री थुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. " " श्री रञ्जना खनाल (आचार्य)
१३. " " श्री गोमा थापा
१४. " " श्री उर्मिला नेपाली
१५. " " श्री सुनिता बस्याल
१६. " " श्री गीता कोशल
१७. सदस्य सचिव श्री पवन अर्याल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई

प्रस्तावहरु :-

१) आगमी आर्थिक वर्षको योजन तयारी सम्बन्धमा

२) एक वडा एक उत्पादनको सम्बन्धमा

३) भूमीको बर्गिकरण सम्बन्धमा

४) औधोगिक ग्रामको सम्झौताको सम्बन्धमा

५) चुप्रुक खानेपानी आयोजनाको टेण्डर सम्बन्धमा

६) प्रदेश समपुरक र प्रदेश बिशेष बजेट सम्बन्धमा

७)बिबिध।

निर्णयहरु :-

रिब्दीकोट गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४ कि नियम १० को उप नियम (६) बमोजिम कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

१) आ.व. २०८०/०८१ का लागि गाउँपालिकाले तय गर्ने योजनाको सम्बन्धमा स्थानीय तह बजेट तर्जुमा दिग्दर्शनको व्यवस्था अनुरुप बस्ती स्तरको योजना छनौटको काम चैत्र महिनादेखि नै प्रारम्भ गरी योजनालाई बढी बस्तुपरक र यथार्थपरक बनाउने तर्फ लग्ने।

२) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम एक वडा एक उत्पादनका लागि वाली/वस्तु छनौट गर्न छनौटका आधारहरु सहित वडा समितिलाई लेखी पठाउने र वडा बाट सिफारिस भई आए बमोजिम एक वडा एक उत्पादनका लागि वस्तु छनौट गर्ने।

३) भुमिको वर्गिकरण नहुँदा सेवाग्राहीमा परेको समस्या तथा राजस्व समेत अपेक्षित रुपमा उठ्न नसकेको अवस्थालाई मध्यनजर गर्दै स्थानीय भु-उपयोग परिषद र भु-उपयोग कार्यन्यवन समितिलाई आ-आफ्नो काम यथासिघ्र सम्पन्न गर्न अनुरोध गर्ने।

४) रिब्दीकोट गाउँपालिका भित्र औधोगिक ग्राम बनाउने प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भईसकेकोले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गरेको सम्झौतालाई अनुमोदन गर्ने।

५) संघीय बिशेष अनुदान तर्फको चुप्रुक खानेपानी आयोजनाको टेन्डर चुप्रुकसंग सम्बन्धित क्षेत्रका उपभोक्ता तथा वडा न.७ को सिफारिस बमोजिम हुने गरी आह्वान गर्ने।

६)आगामि आ.व. २०८०/०८१ का लागि माग गारिने प्रदेश समपुरक तथा प्रदेश विशेष तर्फका योजना २०७९ चैत्र मसान्तसम्म तय गरी बैशाख पहिलो हप्ताभित्रै प्रणालीमा प्रविष्ट गर्ने।

७) विविध :-

क) कृषि उधमसिलता परियोजना संचालन गर्न हेफर प्रोजेक्ट नेपालसँग भएको सम्झौता अनुसार पेस्की रकम निकासा दिने।

CamScanner

ख) देशको अर्थतन्त्रको अवस्था तथा माथिल्ला तहका सरकारबाट प्राप्त परिपत्रहरु समेतलाई मध्यनजर गर्दै गाउँपालिकाको चालु खर्चलाई कम गर्न चैत्र देखि आषाढ सम्मका लागि देहाय बमोजिम गर्ने।

१) वडा समितिको बैठकका लागि यस अघि ३ वटा बैठकको बैठक भत्ता दिईदै आएकोमा अब बढिमा २ वटा बैठक सम्मको भुक्तानी दिने। यस्तो बैठकमा २ जना भन्दा बढि आमन्त्रित सदस्य नराख्ने।

२) कार्यपालिका र न्यायिक समितिको बैठक बाहेक भत्ता प्राप्त हुने अन्य बैठकका लागि गाउँपालिकाबाट चिया तथा पानीको मात्र व्यवस्था गर्ने खाजा खर्च नगर्ने।

३) सवारी साधन खर्च न्यूनिकरणका लागि पालिकास्तरीय योजना अनुगमनमा जाँदा अत्यावश्यक अवस्थामा बाहेक कम्तिमा एक वडा भित्र सन्चालित सबै योजनाको अनुगमन गर्ने व्यवस्था मिलाई अनुगमन गर्ने र वडा स्तरीय अनुगमन निरन्तर हुने व्यवस्था मिलाउने।

४) कार्यालयको कामको लागि सवारी साधन भाडामा लिँदा प्रमुख प्रशासकीय अधिकृतबाट लिखित रुपमा पूर्व स्विकृती लिएर मात्र भाडामा लिने यसरी निर्णय गर्दा कार्यक्रमको औचित्यता र आवश्यकता पुष्टि हुने कुरा खुलाउनु पर्ने। कार्यालय प्रमुखले सवारी साधनको खर्च भुक्तानी गर्दा कार्यपालिकाको निर्णय बमोजिम गर्ने।

५) गाउँपालिकाको प्राविधिक शाखामा कर्मचारी पर्याप्त रहेकोले यसअघि दिईदै आएको अतिरिक्त भत्ता हाललाई स्थगित गर्ने।

६) अति आवश्यक अवस्थामा बाहेक चैत्र देखि असारसम्म आर्थिक दायित्व पर्ने गरी कसैको पनि भ्रमण आदेश स्वीकृत नगर्ने। अति आवश्यक भई स्वीकृत गर्नुपरेमा गाउँपालिका भित्र २ दिन, लुम्बिनी प्रदेश भित्र ३ दिन, सो भन्दा बाहिर ४ दिन सम्मको भ्रमण स्वीकृत गर्ने यसरी स्वीकृत गर्दा हवाई भाडा स्वीकृत नगर्ने। तर कुनै कार्यक्रमको हकमा भ्रमण आदेशको अवधि सोही बमोजिमको हुने।

७) हाललाई कुनै पनि कर्मचारी/जनप्रतिनिधिलाई आवास सुविधा उपलब्ध नगराउने। यस अघि कसैले त्यस्तो सुविधा लिएको भए हाललाई स्थगित गर्ने। कर्मचारीको मनोबल उच्च राख्न सबैलाई आवास सुविधा उपलब्ध गराउन स्रोतको खोजी गरी नीतिगत व्यवस्था गर्ने।

८) इन्धन सुविधा प्राप्त गरेका कर्मचारीहरुलाई बढीमा १० लिटर मात्र उपलब्ध गराउने।

ग) औषधालय व्यवस्थापन तथा औषधी खरिदका लागी बिनियोजित रकम रू.१०,००,००० (दश लाख मात्र) बाट तपसिल बमोजिम गर्ने निर्णय गरियो।

१) आवश्यक आयुर्वेद औषधी खरिद रु. ४,००,००० (चार लाख मात्र)।

२) योग तथा जीवनशैली कार्यक्रम रु.१,५०,००० (एक लाख पचास हजार मात्र)।

CamScanner

३) जडिबुटी प्रवर्द्धन रू. १,००,०००(एक लाख मात्र)।

४) नागरिक आरोग्य (गाउँघर) क्लिनीक रू. १,००,०००(एक लाख मात्र)।

५) संचार, इन्धन, पानी, बिजुली छपाई आदि रू. १,००,०००(एक लाख मात्र)।

६) ल्यापटप प्रिन्टर खरिद रू.१,५०,००० (एक लाख पचास हजार मात्र)।

घ) यस गाउँपालिका अन्तर्गत वडा नं. ७ वडाखोर चौर र वडा नं. ३ को सिरुपाते चौरमा खुला व्यायामशालाको निर्माण गर्न शिक्षा तथा सामाजिक विभाग निर्देशनालय,दाङमा माग गरि पठाउने र सो का लागि कुल लागतको कम्तीमा २०% रकम बराबरको स्रोत गाउँपालिकाबाट सुनिश्चित गर्ने निर्णय गरियो।

ङ) रिब्दीकोट गाउँपालिकास्तरीय प्रथम अध्यक्ष कप भलिबल प्रतियोगिता संचालन गाउँपालिकाको खेलकूद विकास समिति मार्फत सञ्चालन गर्ने र सो का लागि आवश्यक रकम रु. २ लाख गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

च) राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता सञ्चालन गर्दा अनुमान गरे भन्दा बढी खर्च भएकोले खर्च अनुमान भन्दा बढी सवारी साधनमा भएको खर्च रकम रु.४० हजार गाउँपालिकाबाट बिल भरपाई बमोजिम भुक्तानी गर्ने।

छ) मिति २०७९/१२/१० र ११ गते २ दिन प्रत्येक वडाबाट ९ जना तथा कार्यपालिका सदस्य र आवश्यक कर्मचारी समेत लुम्बिनी भ्रमण लैजाने निर्णय गरियो।

ज) वडा नं. ७ पालुङ्ग स्थित चुप्रुक धारा लिफ्ट खानेपानीको विद्युत महसुल तिर्न नसक्दा समस्या उत्पन्न भएकोले सहयोग पाउँ भन्ने उपभोक्ता समितिबाट अनुरोध भई आएकाले आर्थिक रुपले निम्न वर्गीय परिवारको उपभोक्ता रहेको सो खानेपानीको विद्युत महसुल वापत रु. ७५ हजार बराबरको रकम गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो।

झ) बतासे पोल व्यवस्थापनका लागि आवश्यक पर्ने रकम विद्युत प्राधिकरण पाल्पाले तयार गरेको लागत अनुमानको सिमा भित्र रही सम्बन्धित शिर्षकबाट विद्युत प्राधिकरण पाल्पा शाखाको खातामा जम्मा गरिदिने र तत्काल काम अगाडि बढाइदिन अनुरोध समेत गर्ने निर्णय गरियो।

CamScanner